# अजयमेरु गाउँपालिका
# भद्रपुर,डडेल्धुरा

साढे दुइ वर्ष

(२०७४/३/१९देखि२०७६/०९/१९सम्म)

संक्षीप्त प्रगति प्रतिवेदन

अजयमेरु सरकारको साढे दूइ वर्ष पूराभएको अवसरमा आयोजीत यो पत्रकार सम्मेलनमा उपस्थीत हुनुभएका उपाध्यक्ष ज्यू, प्रमूख प्रशासकीय अधिकृत ज्यू ,कार्यपालिका सदस्य ज्यू,वडा अध्यक्ष ज्यू,वडा सदस्य ज्यू,पत्रकार महासंघका अध्यक्ष ज्यू,विभिन्न संघ सस्थाबा६ पाल्नू भएका पत्रकार ज्यू ,......................................लगायत सम्पुर्ण आमा वूवा दाजू भाइ तथा दिदि वहिनीहरु

आजको यो एतिहासीक अवसरमा सर्वप्रथम म अग्रगामी परिवर्तनका निमित्त वलिदान गर्नुहुने राणाविरोधी आन्दोलन, २००७ साल देखी २०१७ सालसम्म भएका भिमदत्त पन्त लगायतले गरेको आन्दोलन, पञ्चायत विरोधी आन्दोलन, जनयुद्ध, जनआन्दोलन, मधेष आन्दोलन र हरेक न्याय, समानता, राष्ट्रियता, जनतन्त्र र जनजिविकाका पक्षमा भएका जायज आन्दोलनको क्रममा भएका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रती हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै माथि उल्लेखित आन्दोलनका क्रममा भएका बेपत्ता योद्धाजनलाई सम्मान ब्यक्त गर्न चाहन्छु । सम्पुर्ण घाईते तथा जेलबन्दि योद्धाहरुलाई स्मरण गर्न चाहन्छु । साथै तिनका आश्रित परिवारजनमा हार्दिक सम्मान ब्यक्त गर्न चाहान्छु ।

गा.पा.को अधिकांश वस्तीमा सडक पहुँच भएपनि खोलामा पुलको अभाव, धुले सडक, मापदण्ड बमोजिम सडक नभएकाले १२ महिना चल्ने सडकको समस्या  जलवायु परिवर्तनका कारण पानी मुहानहरु संरक्षण नभई रिचार्ज नहुँदा खानेपानी ब्यवस्पापनको चुनौती,।कृषक उत्पादित वस्तुको उचित बजार ब्यवस्थापन र भण्डारण ,उच्च शिक्षा र प्राविधिक शिक्षाको अध्ययन गर्ने शिक्षण संस्थाको अभाव ,परम्परागत कृषी तथा पशुपालन पद्धती स्वरोजगारका अवसर न्युन ,बाह्य लगानी शुन्य ,नाङ्गो डाँडाकाडा भौगोलिक विकटता अस्पताल र एम्बुलेन्स  अभाव ,समयमा बर्षा नहुने जस्ता विविध चुनौतिका विच अजयमेरु गाउपालिकाको अध्यक्षको हैसियतले मैले वि.स. २०७४।३।१९ गते पदभार तथा सपथ ग्रहण गरी कार्यकाल सूभारम्भ गरेको थिए ।

जनताकोनजिकको सरकार भएका कारणअजयमेरुसरकार प्रति जनताका अपेक्षाहरुस्वभाविक रुपमा वढि रहेका छन ।आवश्यककानूनी, संस्थागतरकार्यविधिगत वन्दोवस्ती विनाको शिशू अवस्थाको अजयमेरु सरकारले पहिलो वर्ष कानून निर्माण,  समग्रयोजना निर्माण ,कार्यालय ब्यवस्थापनकोपूर्व तयारी तथा विभिन्न नया प्रभावकारी तथा जनमैत्री कार्यक्रम र दिर्घकालिन योजनाहरु सूरु गरेका थियो र दोस्रो वर्ष थप दिर्धकालिन योजना सहित कार्यक्रम अगाडी वढाइएको थियो ।
नेपाल सरकार वाट आ.व ०७४।७५ मा विभीन्न अनूदान वापत
............करोड,आ.व०७५।७६ ३८ करोड ७८ लाख ७७ हजार ३ सय ७ रुपैया तथा चालू आ.व.मा ४२ करोड ६० लाख २७ हजार  प्राप्त भएको थियो । ७० प्रतिसत भन्दा वदि चालू खर्चमा विनियोजन गर्नूपर्ने अवस्थाले पूजिगत वजेटमा विनियोजन गरी विकास निर्माणका

कार्यहरु अगाडी वढाउन थप चूनौति रहेको अवस्थामा, भएकै स्रोत साधन लाइ प्रभावकारी विनियोजन गरी अधिक उपलब्धी हासिल गर्ने प्रयास गरिएको छ ।

## सुखि र समृद्ध अजयमेरुको आधार
## कृषि, पर्यटन, शिक्षा र ब्यवस्थित पुर्वाधार

भन्ने मूल नारा का साथ अजयमेरु सरकार गठन भएदेखि हालसम्म सम्पादन भएका मुख्य मुख्य कायर्कहरुको विवरण संक्षीप्त रुपमा निम्नानूसार रहेको छ ।

- **हामी निर्वाचित भएको १५ दिन भित्र वडाकार्यालय मार्फत सेवा प्रवाह गरेका थियौँ ।**
- **अजयमेरु सरकारगठन भए पश्चातहाल सम्म ५ वटा गाउसभा वसेको छ तथा ७८ वटा कार्यपालिका वैठक सम्पन्न भएकाछन ।साथै कार्यपालिका तथा गाउसभावाट६५० भन्दा वढि निर्णयहरु तथा ५२ वटा ( ऐन,कानुन, कार्यविधी, तथा नियमावली) पारति भइ कार्यान्वयनमा रहेकाछन । साथै अजयमेरु राजपत्र पनि प्रकासनमा आएको छ ।**
- **प्रथम गाउँसभा वाट नै गाउँपालिका भित्र मदिरा नियन्त्रण गर्नका लागी निषेधित क्षेत्र घाषणा गर्‍यौ ।**
- **गाउँपलिकाका सम्पूर्ण जनप्रतिनिधीलाई श्रम संग आवद्ध गर्न महिनाको एक दिन अनिवार्य श्रम गर्ने निर्णय गरेका छौ ।**
- **अजयमेरु गाउँपालिका अन्तर्गतका महत्वपूर्ण धार्मिक तथा ऐतिहासिक पर्यटकिय स्थलहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्न अजयमेरु गाउँपालिकाले उक्त क्षेत्रको फोटो सम्मिलित मायाको चिनो निर्माण गरिएको छ ।**
- **वातावरणलाई प्रभाव पार्ने योजना सम्पन्न गर्दा वृक्षारोपण तथा अन्य वातावरणमैत्री कार्यगर्न वायोइन्जीनियरिङ्गमा योजनाको ३ प्रतिसत रकम छुट्याउने व्यवस्था गरिएको छ ।**
- **ढिमला भद्रपुर सडक (विनय मार्ग)को चौडा विस्तार कार्य सम्पन्न गरिएको छ ।**
- **अनारखोली वझकोटखतेडा सडक ट्रयाक खोल्ने काम सम्पन्न भइ खतेडामा पहिलोपटक सडक संजालले जोडीएको**
- **अनारखोली देवल ( पंकज मार्ग)को सडक जोडीएको** तथा सुचारु भएको छ
- **भद्रपुर भुल्कुडा सडक जोडीएको ।**
- **झिगनी खोलि सडक जोडिएको**
- **डडेल्धुरा देखि अजयमेरुकोट हुदै भद्रपुर सडक जोडिएको**

- अधिकासं गाउ टोल सडक सन्जालले जोडी सकेका छौ भने वाकी सबै सडक आगामी आ.व मा जोड्ने लक्ष्य लिएका छौ।
- मालभ्झुल देवल सडक जोडि सुचारु गरिएको छ ।
- त्यसैगरी निम्न आयोजना र भौतिक पूर्वाधारहरु निर्माण तथा मर्मत गरेका छौ ।

| क्र.सं | आयोजनाको नाम | आयोजनाको किसिम | | इकाई |
|---|---|---|---|---|
| | | नया | मर्मत | |
| १ | ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम | ३३ | १६३ | वटा |
| २ | स्थानिय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ५०।३३७ | २२।९५ | कि.मि |
| ३ | पूर्वाधार पूल क्षेत्रगत कार्यक्रम | २ | | वटा |
| ४ | भवन निर्माण कार्यक्रम हरु | ४२ | २३ | वटा |
| ५ | विध्यालय भवन | ८ | १५ | वटा |
| ६ | स्वास्थ्य भवन | ३ | | वटा |

- करिब २० वर्ष(दुई दशक) देखि प्रतिक्षारत अजयमेरु गाउँपालिकाका सवै वडाहरु जोड्ने उग्रतारा मेलौली सडक कालो पत्रेका लागि अथक प्रयास पश्चात संघीय सरकारको समपुरक अनुदान स्विकृत गराउन सफल भएका छौ ।
- दीघ जीवनका लागि खेलकुद भन्ने मर्मलाई बुझी राष्ट्रिय खेलमैदानको रुपमा विकास गर्ने उदेश्यले अजयमेरु गाउँपालिकाको वडा नं.३ मा चन्वेताल राष्ट्रिय खेलमैदान निर्माण कार्य प्रारम्भ गरेका छौ ।
- विद्यालय स्तर देखि नै खेलकुदबाट अब्बल खेलाडी र सक्षम नागरिक विकास गर्ने हेतुले गाउँपालिका अन्तर्गत रहेका सवै माध्यमिक विद्यालयहरुमा खेलकुद शिक्षक नियूक्त गरी समय-समयमा तालिम प्रदान गर्ने/गराउने गरेका छौ ।
- त्यसैगरी खेल र खेलाडीलाई अनुशासित,व्यवस्थित , प्रभावकारी बनाउने सोचका साथ गाउँपालिका स्तरीय २ जना खेल प्रशिक्षक नियुक्त गरेका छौ ।
- वडा नं १ र ४ मा खानेपानिको आधारभुत समस्या समाधान भएको तथा वडा नं २ र३ मा समाधान हुने क्रममा रहेको तथा वडा नं ५ र ६ का संचालित खानेपानी मर्मत गरिएको र नया योजनाको सम्भाव्यता अध्ययन हुन लागेको ।
- जंगलि वदेलले खेतिवालि पुऱ्याउने क्षति नियन्त्रण गर्न परिक्षणको रुपमा ७ कि.मि. खेती योग्य जमिनमा घेरवार गरेकाछौ ।

- ६५ घरधुरीमा व्यवसायीब तरकारी खेति तालिम सम्पन्न ४१२ जनसंख्या लाभान्वित । एक घरबाट १०००० बराबरको आर्यआर्जनको अवसर प्रदान गरेका छौ ।
- ५ वटा योजनामा पानि सुरक्षा योजना टोली गठन गरिएको छ ।
- १४ जना मर्मत सम्भार कार्यकर्ता छनौट गरी तालिम सम्पन्न ।
- २४ वटा सहकारीको अवस्था विष्लेषण गरी वडा.न २ का बिरबेताल सहकारी छनौट भई लेखा व्यवस्थापन तालिम सम्पन्न भई लेखा व्यवस्थापन तालिम सम्पन्न भई ५०००० बराबरको सहकारीलाई सहयोग खातापात सम्बन्धी ।

- गाउँपालिकाको आन्तरीक आम्दानीको रुपमा विकास गर्न तथा जनतालाइ सुपथ मुल्यमा सेवा प्रदान गर्न १ थान ब्याकोलोडर र १ थान ट्रयाक्टर खरिद गरी संचालनमा आएको साथै १।१ थान एम्बुलेन्स र पिक अप गाडी खरिद गरि संचालनमा ल्याएका छौ ।
- जनतालाइ गाउपालिका केन्द्रमा सहज पहुँचको लागी २ वटा जिप खरिद गरि संचालनमा ल्याएका छौ ।
- शिक्षा क्षेत्रमा आवश्यक सुधार तथा प्रभावकारी बनाउन सम्पुर्ण वडाहरुमा विद्यालयको नियमित अनुगमन गर्ने गरेका छौ ।
- नियमित प्र.अ. वैठक वोलाई शिक्षा क्षेत्रमा कसरी उल्लेखनीय सुधार तथा सफलता हासिल गर्न सकिन्छ भनि सल्लाह,सुझाव संकलन तथा अन्तर्क्रिया गर्ने गरेका छौ ।
- विद्यालय स्तरीय, शिक्षक कर्मचारी खेलकुद कार्यक्रम सम्पन्न गरेका छौ ।
- युवाहरुलाई लक्षित गरी शिक्षक सेवा आयोग ,लोकसेवा आयोग तयारी कक्षा संचालन गरी उनीहरुको प्रतिस्पर्धात्मक क्षमता विकास गर्न तयारी कक्षा संचालन गरेका थियौ ।
- गाउपालिका स्तरमा विद्यालयको वार्षिक परिक्षा संचालन गर्ने गरेका छौ ,

गाउँपालिका अन्तर्गत वडा नं.५ देवल मा.वि मानमुना विधालय कार्यक्रम संचालन गरेका छौ ।

- गाउँपालिका स्तरमा शिक्षा क्षेत्रमा एकारुपताका लागि गाउँपालिकाको अजयमेरु गाउँपालिका नामक छुट्टै शैक्षिक क्यालेण्डर प्रकाशनमा ल्याएका छौ ।
- आवश्यक पूर्वाधार,विद्यार्थी संख्याका आधारमा २ वटा प्रावि विद्यालयहरुलाई माविमा मर्ज गर्न सफल भएका छौ ।
- सम्पुर्ण विद्यालयहरुमा तयारी कक्षा सहित अंग्रेजी माध्यमको पढाइ सुरु गरेका छौ ।
- गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा शिक्षक दरवन्दी रिक्त रहेको अवस्थालाई मध्यनजर गर्दै २८ जना स्वयमसेवक शिक्षक भर्ना गरेका छौ ।
- शिक्षा क्षेत्रमा समयपालनाका निमित्त सम्पुर्ण अधारभुत विद्यालयमा इ हाजिर जडान र भद्रपुर माविमा सिसिटिभि जडान गरेका छौ ।

- विद्यार्थीहरुलाई आफ्नो स्थानीय तहमा वारेमा जानकारी गराउने उद्देश्यले कक्षा १ देखि ५ सम्म हाम्रो अजयमेरु नामक स्थानीय पाठ्यक्रम निर्माण तथा निशुल्क वितरण गरी पठनपाठन सुचारु गरेका छौ भने
- गाउँपालिका अन्तर्गत वडा नं.३ मा रहेको भद्रपुर मा.वि.लाई नमुना विद्यालय निर्माणका लागि संघीय सरकारबाट विशेष अनुदान स्वीकृत गराउन सफल भएका छौ ।
- व्यवसायीक तथा सामुहिक कृषि प्रणलिको सुरुवात गरेका छौ
- नमुना कृषि कार्यक्रम अन्तर्गत गाउँपालिकाभित्र २ वटा तरकारी पकेट,२ वटा माहुरी पकेट र १ मसला पकेट क्षेत्र निर्माण गरी कार्यक्रम अगाडी बढाएका छौ
- गाउँपालिका अन्तर्गत रहेका किसानहरुलाई कृषि व्यवसायीका रुपमा विकास गर्न १४६ प्लाष्टिक टनेल निर्माण गरी ८७६ क्विन्टल गोलभेडा,काक्रा,काउली र बन्दा उत्पादन गर्न सफल भएका छौ ।
- मासुमा आत्मनिर्भर भएको
- अण्डा तथा दुग्ध उत्पादन वढ्दै गएको
- २ वटा वाखा स्रोत केन्द्र र २ वटा भैसी स्रोत केन्द्रको स्थापना गरेका छौ
- कृषकहरुलाई प्रोत्साहित गर्न पशु सुत्केरी भत्ता कार्यक्रम लागु गरेका छौ ।
- भ्याक्सिन कार्यक्रम संचालन गरी २२००० वाखालाई PPR,४५७ ओटा कुखुरमा रेविज,७५० गाई गोरुमा HSBQ र ६००० पशुमा खोरेत विरुद्धको खोप प्रदान गरेका छौ ।
- गाउँपालिकाका विभिन्न स्थानहरुमा विभिन्न समयमा ५ पटक पशु स्वास्थ्य सेवा घुम्ती शिवीर संचालन गरेका छौ ।
- गाउँपालिकाका विभिन्न स्थानमा ६ वटा डाले घाँस नर्सरी स्थापना गरेका छौ ।
- गाउपालिकाको केन्द्रमा ५०००० विरुवा उत्पादन हुने वहुदश्यीय नर्सरी स्थापना
- पशुपालन सम्बन्धि ६४ वटा व्यवसायीक फर्म दर्ता भई कार्यान्विनमा आएका ।
- १० वटा भ्यासिन समुह दर्ता गरि ।
- युवा लक्षित स्वरोजगार बाखापालन कार्यकम्रबाट हाल सम्म ६ युवा व्यवसायी लाई आधुनिक खोर निर्माण गराई व्यवसायीक बाखापालनमा सहयोग गराईएको ।
- ६ जना विरुवा प्रसारण तालिम गरि यस गाउँपालिकामा अभियानको रुपमा विभिन्न जातका ६६५ वटा विरुवा कल्मे गरिएको ।

- १२ वटा भागमा आधारित कार्यक्रम बाट युवा उघमी कृषकलाई प्रत्यक्ष रोजगारमा सहभागी गरिएको ।

- यसै गरि न्यून आयश्रोत भएका कृषकहरु खोर गरि मर्मत सुधार कार्यक्रमबाट लाभान्वित गरि हाल सम्म ४५ वटा घरघुरीमा गौ खोर मर्मत सुधारको काम सम्पन्न गरेको।

- हालसम्म कृषि सम्बन्धि १२ वटा भागमा आधारित कार्यक्रम सम्पन्न गरिएको ।
- साविकका सम्पुर्ण स्वास्थ्य चौकीहरुमा ल्याव सेवा संचालनमा ल्याएका छौ ।
- स्वस्थ्य चौकिको पहुँचवाट टाढा रहेका २ स्थानमा सामुदायीक स्वास्थ्य एकाइ थप भइ संचालनमा ल्याएका छौ भने थप २ स्थानमा यहि महिना भित्र संचालन गर्ने तयारीमा छौ ।
- न्युनतम सेवा मापदण्ड (minimum services standard) सबै स्वास्थ्य सेवाहरुमा लागु गरि सेवा को गुणस्तर सुधार भएको छ ।
- Head count basis मा स्वास्थ्य का सबै सेवाहरु संचालन गरेका छौ जसले गर्दा drop out संख्या न्यून भएको छ ।

- प्रत्येक घरपरिवार समेट्ने गरी प्रत्येक वर्ष सबै वडामा विशेसज्ञ सहितको वृहत स्वास्थ्य शिवीर संचालन वाट जनताहरुको स्वास्थ्यमा सुधार गर्न सफल भएका छौ ।
- स्वास्थ्यका नियमित कार्यक्रमसामुदायइक स्वस्थ्य, खोप, पोषण, रोग नियन्त्रण, तालिम तथा विकास, भिटामिन क्याप्सुल वितरण, स्वस्थ्य सन्देस तथा सुचना प्रवाह, आमा सुरक्षा कायृक्रम, स्वास्थ्य सामाग्री, निसुल्क औषधी वितरण,३ वटा खोप केन्द्रको निर्माण जस्ता कार्यक्रम वाट आधारभुत स्वास्थ्यमा सुधार गर्ने प्रयास गरेका छौ ।
- NO MORE HOME DELIVERYकार्यक्रम प्रभावकारी भइ संस्थागत सुत्केरी दर वढ्दै गएको छ ।
- सुत्केरीलाइ पोषण युक्त पिठो र गाइको घिउ वितरण कार्यक्रम संचालन गरेका छौ ।
- विद्यालयमा स्थानिक पोष्णमेला कार्यक्रम सुरुवात गरेकाछौ ।
- मोवाइल भिडियो एक्सरे खरीद गरि संचालन प्रकृयामा अघि वढाइएको छ ।
- प्रत्येक वडामा सामुदायिक स्वास्थ्य कार्यकर्ता भर्ना गरिएको छ जसले गर्दा सेवावाट छुट भएकालाई अनुगमन गरी सेवा प्रवाहमा ल्याएका छौ ।
- योगदानमा आधारीत महिला स्वयमसेविका प्रोत्साहान कार्यक्रम ।
- नेपाल सरकारवाट सुदुर पश्चिम प्रदेशका स्थानिय तहहरु मध्ये स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम(NHSSP)मा छनौट भइ कर्मचारी सहितको कार्यक्रम संचालनमा रहेको
- गाउँपालिका अन्तर्गत वडा नं.१ मा स्वास्थ्य चौकी निर्माणका लागि संघीय सरकारबाट विशेष अनुदान स्वीकृत गराउन सफल भएका छौ ।
- नेपाल सरकार स्वास्थ्य मन्त्रालयको वार्षिक प्रतिवेदनमा देशै भरीका स्थानिय तहहरु मध्ये नमुना काम गरेको भनि प्रतिवेदनमा समावेश गर्न सफल भएका छौ ।

- गाउँपालिका अन्तर्गत रहेका ६ वटा स्वास्थ्य संस्थाहरुमा नेवुलाइजर सेवा संचालनमा ल्याएका छौ ।
- अजयमेरु गाउँपालिकाको शान,स्वस्थ र सम्वृद्ध गाउँपालिका हाम्रो अभियान भन्ने नारा अन्तर्गत स्वास्थ्य संस्थामा आउने विरामीहरुको नङ काटिदिने र हात धोईदिने कार्यको थालनी गरेका छौ ।
- गर्भवतीलाई नियमित गर्व जाँचका लागि प्रोत्साहित गर्न प्रति गर्व जाच १ अण्डा,१सावुन,१ व्रस र १ आयोनुन वितरण गर्ने कार्यको शुरुवात गरेका छौ ।
- गर्भवतीहरुलाई फोन संचारबाट नियमित तथा आकस्मिक सेवा प्रदान गर्न गाउँपालिका स्वास्थ्य क्षेत्रमा कार्यरत अ.न.मी. हरुलाई फोन रिचार्ज दिई सुत्केरी सेवा प्रवाहलाई वढावा दिने प्रयन्त गरेका छौ ।
- त्यसैगरी मेडिक मोवाइल कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवाकै क्षेत्रमा कार्यरत अजयमेरु गाउँपालिका भित्रका ७७ वटा महिला स्वास्थ्य स्वयम्सेविकालाई २६ वटा स्वास्थ्य संस्थाहरुलाई मोवाइल फोन सेट र रिचार्ज प्रदान गरेका छौ ।
- गाउँपालिकाको हरेक कार्यक्रममका लक्षित वर्गको सहज पहुच, प्रतिनिधित्व हुने अधिकतम प्रयास गरेका छौभने
- लक्षित वर्गका विकास समिति गठन गरी विभिन्न कार्यक्रमहरु तत् तत् समिति मार्फत नै संचालन गर्ने गरेका छौ
- त्यसैगरी जेष्ठ नागरिक सँग जयराज कार्यक्रम अन्तर्गत ६५ वर्ष भन्दा माथिका सवै जेष्ठ नागरिकलाई न्यानो लुगा वितरण गरी गाउँपालिकाका ६ वटै वडाका १/१ जना जेष्ठ महिला,पुरुष नागरिकलाई सम्मान गर्ने गरेका छौ ।
- दुवै आ.व.मा महिला सिप विकास कार्यक्रम, एकल महिला संग अजयमेरु सरकार अर्न्तगत प्रत्येक वडाका २०।२० जना एकल महिलालाइ वाखा वितरण गर्ने कार्यक्रम संचालनमा ल्याएका छौ ।
- युवा लक्षित कार्यक्रमवाट युवालाइ हाउसवोयरिङ्ग , वासका सामान वनाउने तालिम , गलैचा वुन्ने तालिमजस्ता सिप विकासका तालिम संचाालन गर्ने गरेका छौ ।
- दलित समुदायको जिवनस्तर उकास्न सिपविकास तालिम , आफर वितरण, सिलाइ मेसिन वितरण वाट उनिहरुको व्यवसाय प्रवद्धनमा सहयोग पुगेको अपेक्षा राखेका छौ ।
- अपागंको लागी ह्वलिचियर ,बैशाखि, लठ्ठि धरमै गएर वितरण गरेका छौ ।
- गाउँपालिका,वडा कार्यालय तथा स्वाश्थ्य चौकि हरुमा इ- हाजिरी जडान गरीएको।
- प्रविधिमैत्री गाउँपालिका निर्माणका लागि गाउँपालिका तथा वडा कार्यालय र स्वास्थचौकीहरुमा र मा.वि विद्यालयहरुमा नेट जडान गरेका छौ ।

- अजयमेरु गाउँपालिकाको भूभाग,जनसंख्या,लक्षित वर्ग,वन क्षेत्र,चरन क्षेत्र ,वडागत जानकारी लगायतका यावत पक्षहरुको विस्तृत जानकारी गराउने उद्धेश्यले गाउँपालिकाको प्रोफाइल निर्माण गरेका छौ ।
- गाउँपालिकाको धार्मीक तथा पर्यटकिय स्थलको राष्टिय्र तथा अन्तराष्ट्रिय प्रचार प्रसार गर्ने उदेश्यले धामीक तथा पर्यटकिय डकुमेन्ट्री तयार गरेका छौ ।
- कर्मचारी जनप्रतिनिधीहरु को वेलावेलामा संचालन भएका कानुनी  प्रशासनिक तथा प्राविधीक तालिमवाट क्षमता अभिवृद्धि गरिएको छ ,
- जनतालाई आकस्मिक स्वास्थ्य सेवामा सहज पहुचका लागि एम्वुलेन्स सेवा सुरु गरेका छौ ।
- ग्रामिण जलस्रोत ब्यवस्थापन परियोजना सहयोगी संस्थाका रुपमा मानव अधिकार जनजागरण समाज छनौट भएको छ।
- न्यायीक समित मार्फत गाउँपालिका प्राप्त न्यायीक अधिकार  अन्तर्गत हुने विभिन्न खाले मुद्धाहरुको न्यायीक मेलमिलाप गराउने गरिएको छ ।
- सवैको हात-हातमा अजयमेरु गाउँपालिका भन्ने ध्येयका साथ गाउपालिकाको छुट्टै मोवाइल एप्स संचालनमा ल्याएका छौ ।
- गाउपालिकाको वेभसाइट संचालनमा ल्याई सुचना तथा जानकारीहरु राख्ने गरेका छौ ।
- अनलाइन ब्यक्तिगत घटना दर्ता सुरु, सामाजिक सुरक्षा लाभग्राही अनलाइनमा आवद्ध गेरेका छौ ।
- लेखाप्रणलीमा सुत्र( अनलाइन लेखा प्रणली) प्रयोग गर्ने देश भरिनै पहिलो गाउपालिकाका रुपमा स्थापित गर्न सफल भएका छौ ।
- ५१ वटा ऐन नियम तथा कार्यविधि कार्यपालिका तथा गाउसभावाट पारित भइ प्रभावकारी कार्यान्वियनमा ल्याएका छौ ।
- जल उपयोग गुरुयोजना निर्माण,
- उद्यमविकास गूरुयोजना निर्मांण गरेका छौ ।
- प्रथम अजयमेरुमहोत्सब, प्रथम गाउपालिका स्तरीय राष्ट्रपति रनिगंसिल्ड प्रतियोगिता तथा विविध खेलकुद प्रतियोगिता सफलतापुर्वक सम्पन्न भएका छन् ।
- चक्रिय कोष सापटि कार्यक्रम मार्फत युवा उद्यमशिलता कार्याक्रमको सुरुवात तथा बेरोजगार युवा तथ्याकं संकलन
- गाउपालिका भवन निर्माण सम्पन्न हुने क्रममा रहेको छ ।
- गाउँपालिकाको पहलमा गाउपालिका केन्द्रमा बैक,प्रहरीचौकि,नेपाल टेलिकमको टावर ,वन कार्यलय स्थापनाभएका छन् ।
- अजयमेरु गाउँपालिकाका हालसम्म ५६ वटा संघसंस्था सुची दर्ता भएका र २४ वटा ठेकेदारहरुलाई गाउँपालिकामा आवद्ध गराउन सफल भएका छौ ।

- दशै तिहारको अवसरमा ६ वटै वडा कार्यलय र २ वटा दुर्गम वस्ती खतेडा वजकोट र भुल्कुडामा सुपथ मूल्य पसल संचालन गरी जनतालाई सुपथ मूल्यमा सामाग्री वितरण गरेका थियौ ।
- अजयमेरु गाउँपालिकाका वडा नं.५ र ६ का सबै जनतालाई खानेपानीको पहुँच पुर्‍याउने उद्देश्यले सोरनाया लिफ्ट स्विकृत गराउन सफल भएका छौ ।
- खानेपानीको चरम समस्यामा रहेका वस्तीमा खानेपानीको विस्तार गर्न सफल भएका छौ ।जस्तै :

  - ✓ सिलौटेखोला खापायो २४ घरधुरी१५७ जनसंख्या
  - ✓ ढाणखतेडा खापाया ` ५१ घरधुरी ३४१ जनसंख्या
  - ✓ पत्थरखानी खापायो ३२ घरधुरी २६९ जनसंख्या
  - ✓ परिम्याउला खापायो ९१ घरधुरी ६१७ जनसंख्या
  - ✓ गोबरा खापायो ४७ घरधुरी २२४ जनसंख्या
  - ✓ घट्टीगाड खापायो १२२ घरधुरी ७४३ जनसंख्या
  - ✓ बग्गीओराड खापायो ८१ घरधुरी ४५५ जनसंख्या
  - ✓ मल्लोधारी भट्टयाडी खापायो ३५घरधुरी १७९ जनसंख्या

- खानेपानीमा जनताको पहुच प्रभावकारी बनाउन थप योजनाहरु निर्माणाधीन रहेका छन् (०७७ वैशाख सम्म सम्पन्न गर्ने लक्ष्य रहेको )
  - ✓ मगराउ खापायो ११२ घरधुरी ७१३ जनसंख्या
  - ✓ अजयमेरु खापायो २३० घरधुरी १३४६ जनसंख्या
- तयारी चरणमा रहेका खानेपानी तथा सरसफाइ योजनाहरु
  - ✓ गोठखाया धर्मघर खापायो ६० घरधुरी ३७७ जनसंख्या
- खानेपानी योजनाहरुको दिगोपना सुनिश्चित गर्नको लागि गाउँपालिका स्तरमा योजना दिगोपना व्यवस्थापन सम्बन्धी गोष्ठि आयोजना गरिएका जसले गर्दा उपभोक्ता समितिहरुमा योजना सञ्चालन तथा मर्मत सम्भारको लागि अपनाउनुपर्ने प्रकृयाको बारेमा जानकारी हुनुका साथै अपनत्वको भावना विकसित भएको र मर्मत सम्भार कोष अभिवृद्धि गर्ने उपायहरुको बारेमा जानकारी गराइएको ।

- १५ वटा समुहमा पोषण थाली प्रदर्शन गरिएको जसले गर्दा सन्तुलित भोजनको बारेमा जानकारी प्राप्त भई व्यवहारमा आएको जसले गर्दा ४०० वटा घरधुरीमा नियमित रुपमा खाइने खानाको प्रकारमा परिवर्तन भएको
- चाङ निर्माण ४६५, जुठ्यान ३७६, फोहोर कुहाने खाडल २७१ र मल खाडल ८६ ।
- ३० वटा घरवारी व्यवस्थापन तालिम सम्पन्न जसबाट ८१४ घरधुरी लाभान्वित ।
- ३ वटा योजना क्षेत्र भित्रका ५१४ घरधुरीमा घरवारी व्यवस्थापन कार्यान्वियन भई मौसम अनुसारको तरकारी तथा मसला बाली उत्पादन भएको,
- गाउँपालिकाका महिला जनप्रतिनिधि तथा अगुवा महिलाहरुको सहभागितामा निर्णयमा महिला विषयक कार्यशाला आयोजना गरि लैङ्गिक उत्तरदायी योजना तर्जुमा गरिएको छ । उक्त योजनामा महिलाका घरमा महिला, कृषिमा महिला, महिला तथा पैसा, नेतृत्वमा महिला, महिला तथा सेवा प्रावधान पाँचवटा विषयवस्तुमा महिलाहरुका सवाल पहिचान गरी कार्ययोजना तर्जुमा भै क्रमशः कार्यान्वियनको क्रममा रहेका छन् । यस कार्ययोजनालाई हरेक वर्ष समीक्षा गर्दै अद्यावधिक गर्दै लगिएको छ भने
- सवै वडा सदरमुकाममा सौर्यवत्ती जडान गर्ने कार्य अन्तिमरुपमा रहेको र र गा.पा.सदरमुकाममा जडान कार्य सम्पन्न भै सकेको छ ।
- अजयमेरु गाउँपालिकाको प्रथम गाउँ
  सभाऐतिहासिक स्थल अजयमेरुकोटमा
  सम्पन्न गरी अजयमेरु कोटलाई नेपालको पर्यटकीय गन्तव्यमा समावेश गर्न सफल भएका छौ ।

- अजयमेरु गाउँपालिका वडा नं.२ को हाट,रोल्ली र जीजोडालाई एकीकृत वस्ती निर्माणका लागि छनौट गरी वजेटको समेत व्यवस्था गर्न सफल भएका छौ ।
- भ्रमण वर्ष २०२० को शुभारम्भको अवसरमा अजयमेरु कोटमा खुल्ला म्याराथन प्रतियोगिता सहित विभिन्न कार्यक्रमको आयोजन गरिएको

गाउपालिबाट पारित भएका ऐन,नीति,कानून तथा कार्यविधिहरु :

| क्र.स. | ऐन/निर्देशिका |
|---|---|
| १ | अजयमेरु गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि ) नियमावली २०७४ |
| २ | अजयमेरु गाउँकार्यपालिका (कार्यसम्पादन ) नियमावली २०७४ |
| ३ | अजयमेरु गाउँकार्यपालिकाको बैठक संचालन सम्बन्धि कार्यविधि २०७४ |
| ४ | अजयमेरु गाउँकार्यपालिकाको (कार्य विभाजन ) नियमावली २०७४ |
| ५ | अजयमेरु गाउँसभा संचालन कार्यविधि २०७४ |
| ६ | अजयमेरु गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता २०७४ |
| ७ | नीति तथा कार्यक्रम बजेट २०७४ |
| ८ | आर्थिक ऐन २०७४ |
| ९ | विनियोजन ऐन २०७४ |
| १० | मर्मत सम्भार कोष नियमावली २०७४ |
| ११ | विपद व्यवस्थापन कोष नियमावली २०७४ |
| १२ | कर्मचारी कल्याण कोष नियमावली २०७४ |
| १३ | गाउँपालिका अध्यक्ष राहात कोष नियमावली २०७४ |
| १४ | शिक्षा सम्बन्धि अति आवश्यकीय कार्यविधि २०७४ |
| १५ | बैठक, अनुगमन, तालिम, कार्यक्रम तथा भ्रमण खर्च कार्यविधि २०७४ |
| १६ | आयोजना व्यवस्थापन तथा संचालन कार्यविधि २०७४ |
| १७ | अजयमेरु गाउँपालिकाको सहकारी ऐन २०७४ |
| १८ | अजयमेरु गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन - २०७४ |
| १९ | अजयमेरु गाउँपालिकाको कृषि व्यावाशय प्रवर्धन ऐन २०७४ |
| २० | अजयमेरु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ) ऐन २०७४ |
| २१ | अजयमेरु गाउँपालिकाको बैठक,तालिम संचालन भ्रमण खर्च सम्बधि कार्यविधि २०७४ |
| २२ | स्थानीय राजपत्र सम्बन्धि कार्यविधि २०७५ |
| २३ | एफ.एम. रेडियो व्यवस्थापन तथा संचालन कार्यविधि २०७५ |
| २४ | अजयमेरु गाउँपालिका बाट गरिने बजार अनुगमन निर्देशिका २०७५ |
| २५ | घ वर्ग निर्माण व्यवशायी इजाजत पत्र कार्यविधि २०७५ |
| २६ | अजयमेरु गाउँपालिकाको न्यायिक समितिको कार्य सम्पादन नियमावली २०७५ |
| २७ | गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन |

| | |
|---|---|
| २८ | न्यायिक समितिले उजुरीका कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ |
| २९ | अजयमेरु गाउँपालिकाको स्थानीय ऐन २०७५ |
| ३० | स्वास्थ्य तथा सरसफाई ऐन २०७५ |
| ३१ | पूर्वाधार व्यवस्थापन ऐन २०७५ |
| ३२ | गैर सरकारी संस्था समन्वय ऐन २०७५ |
| ३३ | विनियोजन ऐन २०७५ |
| ३४ | आर्थिक ऐन २०७६ |
| ३५ | अजयमेरु गाउँपालिकाको नीति तथा कार्यक्रम २०७५ |
| ३६ | अजयमेरु गाउँपालिकाको बजेट २०७५ |
| ३७ | करारमा स्वयमसेवक भर्ना गर्ने कार्यविधि २०७५ |
| ३८ | गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष सचिवालय सम्बन्धि कार्यविधि २०७५ |
| ३९ | टोल विकास संस्था संचालन कार्यविधि २०७५ |
| ४० | विद्यालय कर्मचारी भर्ना सम्बन्धि कार्यविधि २०७५ |
| ४१ | अजयमेरु गाउँपालिकामा विभिन्न पदहरुको स्थाई/अस्थाई/करार/सेवा मा पदपूर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुबिधा तथा अन्य खर्च सम्बन्धि मापदण्ड, २०७५ |
| ४२ | अजयमेरु गाउँपालिकामा अपांगता परिचय पत्र वितरण सम्बन्धि कार्यविधि २०७५ |
| ४३ | अजयमेरु कोट संरक्षण तथा सम्वर्धन क्षेत्र विकास समिति गठन तथा संचालन कार्यविधि २०७५ |
| ४४ | अजयमेरु गाउँपालिकाको उत्पीडित वर्ग उत्थान विकास समिति गठन तथा संचालन कार्यविधि २०७५ |
| ४५ | अजयमेरु गाउँपालिकाको अपाङ्ग कल्याण समिति गठन तथा संचालन कार्यविधि २०७५ |
| ४६ | अजयमेरु गाउँपालिकाको महिला तथा वालवालिका समिति गठन तथा संचालन कार्यविधि २०७५ |
| ४७ | अजयमेरु गाउँपालिकाको युवा तथा खेलकुद समिति गठन तथा संचालन कार्यविधि २०७५ |
| ४८ | मोटरसाइकल प्राप्ति र प्रयोग सम्बन्धि मापदण्ड २०७५ |
| ४९ | अजयमेरु गाउँपालिकाको नमुना विद्यालय छनौट तथा संचालन कार्यविधि २०७५ |
| ५० | युवा उद्यम चक्रीय कोष संचालन निर्देशिका २०७५ |
| ५१ | आर्थिक ऐन |
| ५२ | विनियोजन ऐन |

अन्त्यमा ,

सुन्यताको अवस्थावाट अजयमेरु गाउपालिकालाइ यस अवस्थासम्म ल्याइ पुर्‍याउन नितिगत संस्थागत ब्यवहारगत र  कार्यगत रुपमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा साथ सहयोग र अमुल्य सहयोग प्रदान गर्नुहुने सम्पुर्ण जनप्रतिनिधहरु, राजनितिक दलका पदाधिकारीहरु,राष्ट्रसेवक कर्मचारी मित्रहरु, निजि क्षेत्र, आम संचार , सुदुर पश्चिम प्रदेश सरकार,  राष्ड्रिय योजना आयोग , नेपाल सरकार तथा आम गाउपालिका वासी  आम जनसमुदायमा हार्दिक आभार प्रकट गर्दै  भविस्यमा पनी साथ सहयोग सल्लाह रसुझावको अपेक्षा गर्दछु।